नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-३०६ दायर मितिः-२०८१/१२/१३**

**फैसला मितिः-२०८१/१२/१३**

| **वादी** | **प्रतिवादी** |
| --- | --- |
| **प्र.ब.ना.नि.रुपेश कुमार झाको प्रतिवेदनले नेपाल सरकार........................१** | **जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.१६ नगवा टोल बस्ने पिरु मियाँको छोरा वर्ष ३५ को नाजिर अंसारी** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।

२. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का

३. मैले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका फेकु राउत मेस्तर समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।११।२५ गते अं.२०:३० बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.१६ नगवा पोखरी नजिक बजारको दक्षिण किनारमा चोरी भएको भनी सूचना पाई उक्त स्थानमा जाँदा प्रतिवादी नाजिर अंसारी भागी रहेको देखि निज उपर शंका लागि रोकी निजलाई चेकचाँच गर्न खोज्दा निज प्रतिवादीले उल्टै प्रहरीलाई अश्लिल गाली गलौज गरी अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारबाही होस् भन्ने समेत व्यहोराको प्र.ब.ना.नि.रुपेश कुमार झाको प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रहरीले चोरी भएको भनी सूचना पाई उक्त स्थानमा जाँदा प्रतिवादी नाजिर अंसारी भागी रहेको देखि निज उपर शंका लागि रोकी निजलाई चेकचाँच गर्न खोज्दा निज प्रतिवादीले उल्टै प्रहरीलाई अश्लिल गाली गलौज गरी अभद्र व्यवहारको कसूर गरेको तथ्य स्थापित हुन गएको देखिएको र यस अघि पनि प्रतिवादी उपर विभिन्न मुद्दामा ६ वटा मुद्दा चलेको CRS अभिलेखबाट देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी नाजिर अंसारीलाई कैद १ महिना १७ दिन ठहर्छ ।अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी नाजिर अंसारीलाई ठहरेको कैद १ महिना १७ दिनको हकमा निज मिति २०८१/११/२५ देखि २०८१/१२/१२ गते सम्म १७ दिन कैद भुक्तान गरी सकेको र भुक्तान हुँद बाँकी १ महिनाको हकमा कैद भुक्तान गराउन करागारलाई पत्र लेख्नु ------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ति सम्बत् २०८१ चैत्र महिना १३ गते बुधवार रोज ४/ ने.सं. ११४५ चिल्लागा द्वादशी, शुभम् .......